नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५४) काठमाडौं, प्रसार ७ गते २०६१ साल (अतिरिक्ताङ्क९(ख)

भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध नेपाल अन्धा कल्याण संघका लागि क्रिस्टोफेल ब्लाइन्डेन मिसन भारतबाट उपहारस्वरूप प्राप्त हुने रु. २१,६००।- मूल्य बराबरको ब्रेलवाचहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल लिई बाँकी सम्पूर्ण महसुल, कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध ग्रामीण वातावरण विकास सघ (रेडा) नामक संस्थालाई कम्प्युटर एड इन्टरनेसनल यु.के. बाट १४ जिल्लाको ५५ सरकारी विद्यालयहरूलाई निःशुल्क वितरण गर्नका लागि उपहार-स्वरूप प्राप्त हुने CIF US$ १२,९९२।- मूल्य बराबरको २२५ थान कम्प्युटर-हरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी सम्पूर्ण कर महसुल छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध नेपाल अन्धा कल्याण संघका लागि बातृ संस्था क्रिस्टोफेल ब्लाइन्डेन मिसन भारतबाट उपहारस्वरूप प्राप्त हुने अमेरिकी डलर ४,६३८।– मूल्यबराबरका ब्रेलर, एब्राकससहितका सामग्रीहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी सम्पूर्ण महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध धुलिखेल अस्पताललाई दातृ संस्था नेपाली मेड स्विट्जरल्यान्डबाट उपहारस्वरूप प्राप्त हुने युरो ११,-८६९।९० मूल्यबराबरको चिकित्सासम्बन्धी उपकरण तथा अन्य सामग्रीहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी अन्य भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०६० को दफा २० ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आबद्ध नेपाल पर्वतारोहण संघ, काठमाडौँअन्तर्गत पोखरामा सञ्चालित अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा रहेको डा. टोनी हागन कक्षका लागि डा.क्याथरिन हागनबाट उपहारस्वरूप उपलब्ध हुने डा. हागनले प्रयोग गरेका Tent, Table, Chair and Decki-Chair सामग्रीहरू आयात गर्दा १ प्रतिशत भन्सार महसुल असुल गरी बाँकी सम्पूर्ण महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौँमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।